बागमती प्रदेश सरकार
# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
हेटौंडा, नेपाल

पत्र सङ्ख्या :- क.प्र./३/१९/२०७९/०८०
चलानी नं. :- २०४५

मितिः- २०८०/०१/२६

विषयः- स्पष्ट गरिएको वारे।

श्री स्थानीय तह सबै
बागमती प्रदेश।

उपर्युक्त विषयमा स्थानीय सेवा( गठन तथा सञ्चालन) ऐन, २०७९ को कार्यान्वयनको सन्दर्भमा कतिपय स्थानीय तहहरुले केही विषयका सवालमा कार्यान्वयनमा द्विविधा उत्पन्न भएकोले स्पष्ट गरि दिन अनुरोध भई आएकोले सो सम्बन्धमा देहाय बमोजिम गर्नु गराउनु हुन मिति २०८०/०१/२६ को प्रदेश सरकार (प्रमुख सचिवस्तर) को निर्णय अनुसार अनुरोध छ।

१. साविकमा स्वास्थ्य सेवा ऐन तथा नियमावली बमोजिम नियुक्ति पाई तहगत रुपमा कार्यरत रहेकै अवस्थामा स्थानीय तहमा समायोजन भएका स्वास्थ्य सेवाका कर्मचारीको हकमा तहबृद्धि गर्ने सम्बन्धमा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९ बमोजिम स्तरबृद्धि हुने अवस्था भएमा सोही बमोजिम तह बृद्धि गर्न मिल्ने।

२. स्थानीय कृषि सेवाको पाँचौं तहमा कार्यरत कर्मचारीले पाँचौं तहको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता प्राप्त गरेको नभएमा छैठौं तहमा तहबृद्धि गर्न नमिल्ने।

३. कर्मचारीले लिएको बेतलबी अध्ययन विदा सेवा अवधीमा गणना गर्न मिल्ने। तर असाधारण विदाबाट कट्टा हुने गरी अध्ययन विदा स्वीकृत भएको भएमा त्यस्तो सेवा अवधी गणना नहुने। साथै वेतलवी अध्ययन विदा स्वीकृत भएको अवस्थामा निजामती सेवा नियमावली, २०५० मा सेवा अवधी गणना सम्बन्धमा स्पष्ट व्यवस्था भएकोले सोही वमोजिम हुने।

४. साविकको घरेलु तथा साना उद्योग विकास समितिबाट स्थानीय सेवाको छैठौ तहमा समायोजन भई मिति २०७९/५/1 मा जारी भएको स्थानीय तहका सेवाको गठन तथा सन्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश बमोजिम सातौ तह कायम भएका कर्मचारी सातौ तहमा पाँच बर्ष सेवा अवधी पुरा भएपछि मात्र आठौं तहमा तहबृद्धि हुन सक्ने।

२०८०/१/२६
(हरिप्रसाद अधिकारी)
अधिकृत छैठौं

**बोधार्थः-**
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सूचना तथा सञ्चार समन्वय शाखाः- यस कार्यालयको वेभसाइटमा अपलोड गरि दिनु हुन अनुरोध छ।

फोन नं.: ०५७-५२२३८५, ३८७, ८९७, ८९८, ३९७ फ्याक्स: ०५७-५२७५०७, वेवसाइट: www.ocmcm.bagamati.gov.np, ईमल: ocmcm@bagamati.gov.np